# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

# प्रेस विज्ञप्ति

२०७४ मङ्सिर १३ गते

## देशमा भइरहेका गम्भीर घटनाप्रति आयोगको चिन्ता

मुलुकका विभिन्न ४५ वटा जिल्लाहरूमा प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचन नजिकिँदै गर्दा हिंसात्मक घटनाहरुमा वृद्धि भइरहेको अनुगमनबाट पाइएको छ । २०७४ मंसिर १२ गते दाङको तुलसीपुरमा राजनीतिक दलको आमसभास्थल नजिकै बम विस्फोट हुँदा ७ जना सुरक्षाकर्मी घाईते भएको र म्यादी प्रहरी विनोद चौधरीको उपचारको क्रममा मुत्यु भएको घटनाप्रति आयोग दु:ख व्यक्त गर्दै मृतकको शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।

ललितपुरको लगनखेलमा आमसभा नजिकै विस्फोट भएको, उदयपुरमा एम्बुसमा परी उम्मेदवार सहित गम्भीर घाइते भई त्रि.वि. शिक्षण अस्पतालमा उपचार समेत भइरहेको, मोरङ, झापा, बारा, महोत्तरी, सप्तरी, ललितपुर, भक्तपुर, नवलपरासी र गुल्मी लगायतका जिल्लामा उम्मेदवारलाई लक्षित गरी बम विस्फोट र झडपको भएको पाइएको र उम्मेदवारको घरमा विस्फोट गराइएको पाइएकोले ती घटनाहरुको आयोग भर्त्सना गर्दछ ।

त्यसैगरी, मंङ्सिर १२ गते काठमाडौंको बानेश्वरमा सडक अवरोध गरी आमसभा भएकोले आमनागरिकको आवागमनमा प्रतिकूल असर पर्न गएको आयोगको अनुगमनबाट देखिएको छ ।

निर्वाचनको क्रममा भएका घटनाको अनुसन्धान गरी घटनामा संलग्न दोषीलाई कारबाही गर्न र शान्ति सुरक्षालांई मजबुत बनाई स्वतन्त्र र भयरहित रूपमा निर्वाचन सम्पन्न हुने वातावरण सिर्जना गर्न नेपाल सरकारसँग आयोग आग्रह गर्दछ । साथै निर्वाचनको प्रचारप्रसार र आमसभा गर्दा अन्य व्यक्तिको मानव अधिकारको सम्मान गर्न र संयमित, शान्तिपूर्ण रूपमा निर्वाचन आचारसंहिताको पालना गर्दै निर्वाचन प्रक्रिया अगाडि बढाई मानव अधिकार सम्मान र संरक्षण गर्न नेपाल सरकार, राजनीतिक दल लगायत सम्बन्धित सबै पक्षसँग विशेष आग्रह गर्दछ ।

.................
यज्ञप्रसाद अधिकारी
नि. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org